# शैल्यशिखर नगरपालिकाको स्वास्थ्य नियमावली, २०७५

**स्थानीय सरकार सञ्चालन** ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो शैल्यशिखर नगर कार्यपालिकाले यो "**शैल्यशिखर नगरपालिकाको स्वास्थ्य नियमावली, २०७५**" जारी गरेको छ।

**परिच्छेद १**
**प्रारम्भिक**
**संक्षिप्त नाम र परिभाषा**

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो नियमावलीको नाम "नगरपालिका स्वास्थ्य नियमावली, २०७५" रहेकोछ।

(२) यो नियमावली शैल्यशिखर नगरपालिका क्षेत्र भर लागु हुनेछ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले नगरपालिकाको स्वास्थ्य ऐनलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले शैल्यशिखर नगरपालिकाका नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको शैल्यशिखर नगरपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्छ।

(च) "अस्पताल व्यवस्थापन समिति" भन्नाले अस्पताल क्षेत्रको विकासका लागि सहयोग तथा अनुगमन गर्ने समिति सम्झनु पर्छ।

(छ) "स्वास्थ्य व्यवस्थापन समिति" भन्नाले स्वास्थ्य चौकी, सुरक्षित प्रसूति सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई केन्द्र, अनुगमन तथा सञ्चालनका लागि सहयोग गर्न गठन गरिएको समिति सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।

(झ) "जन स्वास्थ्य अधिकृत" भन्नाले नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ञ) "आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा" भन्नाले नगरपालिकामा रहेको स्वास्थ्य क्षेत्र हेर्ने विभाग/महाशाखा वा इकाईलाई सम्झनु पर्छ।

(ट) "स्थानीय स्वास्थ्य तथा सरसफाई समिति" भन्नाले स्थानीय तहको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको स्थानीय तहको सभाले गठन गरेको स्वास्थ्य सम्बन्धी समिति सम्झनु पर्छ।

(ठ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्छ।

(ड) "सामुदायिक स्वास्थ्य इकाई र सुरक्षित प्रसूति सेवा केन्द्र" भन्नाले स्थानीय तहबाट सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ढ) "संघीय स्वास्थ्य ऐन" भन्नाले संघीय संसदले बनाएको स्वास्थ्य ऐनलाई सम्झनु पर्छ।

## परिच्छेद : २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन :

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल, प्राथमिक स्वा.के., स्वा.चौ., आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ख) निजी क्षेत्र द्वारा सञ्चालित अस्पताल, नर्सिङ् होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

(ग) ट्रस्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ : ट्रस्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने अस्पताल, स्वा.के., घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन यस प्रकार हुनेछ :

- नगर प्रमुख वा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य – अध्यक्ष
- स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना – सदस्य
- आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना – सदस्य
- स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना – सदस्य
- आधारभूत स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख – सदस्य सचिव

(२) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार यस प्रकार हुनेछ :

(क) आफ्नो कार्यक्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।

(ख) नगरपालिकाका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ज) नगरकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिमका सदस्य हुने गरी हरेक संस्थाको छुट्टाछुट्टै व्यवस्थापन समिति गठन गरिनेछ :

- सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य – अध्यक्ष
- स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये वडा समितिबाट मनोनित १ जना – सदस्य

- स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्र.अ. – सदस्य
- सम्बन्धित वडाको वडा सचिव – सदस्य
- सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख – सदस्य सचिव

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार यस प्रकार हुनेछ :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) स्वास्थ्य घुम्ती शिविरहरु सञ्चालन गर्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(घ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता सञ्चालन** : हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ ।

(१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैय्या सम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) स्वास्थ्य चौकी : नगरपालिकाले प्रत्येक वडामा जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वा.चौ. सञ्चालन गर्नुपर्नेछ ।

(क) जनशक्ति : हे.अ. १ जना, सिअहेव/अहेव ३ जना, अनमी २ जना, आवश्यकतानुसार सहायक कर्मचारीहरु ।

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरणहरु

(३) नगरपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगाध्यान लगायतका रोकथाम मुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रस्टहरुको साझेदारीमा वा नगरपालिका आफैले कम्तिमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नैपर्नेछ ।

**९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने :**

(१) नगरपालिका क्षेत्र भित्र निजी क्षेत्र तथा ट्रस्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैय्या सम्मको संचालन अनुमती नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगरकार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगरकार्यपालिकाले ६ महिनाको समय भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै कार्यविधि बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगरकार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशय पत्रमा उल्लेख गरिएको समय सीमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाएमा अस्पताल सञ्चालनको अनुमती प्रदान गर्न नसकिने ।

**१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड** : नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : कम्तिमा ४ जना M.B.B.S. डाक्टर, कम्तिमा ८ जना स्टाफ नर्स, हे.अ. ४ जना, सिअहेव/अहेव ४ जना, कम्तिमा २ जना ल्याब ट्याक्निसियन र आवश्यकतानुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी तथा १५ शैय्याको प्रावधान पुग्ने गरी मापदण्ड पुरा हुनुपर्ने ।

(२) भवन तथा कोठा : दर्ता चलानी, बहिरोग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याबिन, नर्सिङ् कक्ष, प्रशासन कक्ष, पार्किङ

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिस्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहोर व्यवस्थापनको प्रणली भएको हुनुपर्ने ।

**११. पोलिक्लिनिक सञ्चालनको अनुमति :**

नगरपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृति लिनुपर्नेछ ।

**१२. प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

(१) सञ्चालनको विवरण तथा नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी सम्झौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

**१३. फार्मेसी सञ्चालनको अनुमती :**

(१) नगरपालिका क्षेत्र भित्र फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ ।

(३) फार्मेसी सञ्चानलमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाणपत्र, नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्नेछ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिंदा तोकिएको मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले गरी सचेत गराउने जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब ट्याक्निसिययन बाहेकका व्यक्तिले रगत, दिशापिशाब, खकार लगायतको परीक्षणमा संलइन भएको पाइएमा त्यस्तो प्रययोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहययोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ ।

**१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने** : निजी लगानी र ट्रस्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणको क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनुपर्नेछ ।

## परिच्छेद : ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धी व्यवस्था

**१६. स्वास्थ्यकर्मीको व्यवस्थापन :** नगरपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मर्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकमीहरु रहनेछन् :

(१) स्थायी : नेपनल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थकर्मीहरु

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवम् नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गइ स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

**१७. अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको व्यवस्था :** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(१) पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम ८ कक्षा अध्ययन गरेको सम्बन्धित वडाको विवाहित नागरिक (महिलाको हकमा) हुनुपर्नेछ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसतन ४०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका स्वास्थ्य आमा समूहबाट छनौट गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्बन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकतानुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यस कार्यविधि लागु हुनु भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेविकाहरुमध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाई गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तीमा ८ कक्षा उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

(५) कुनै पनि महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य आमा समूहबाट छनौट गरिनेछ साथै अभियानकर्ता पुरुष/महिला न.पा.बाट छनौट गरिनेछ ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधा** :

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र नगरकार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्ष बीचको साझेदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभियानकर्ता/स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

**१९. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति** : सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको दरबन्दी आवश्यकतानुसार नगरकार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा न आएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी – संयोजक

(ख) नगर प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी – सदस्य

(ग) नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख – सदस्य सचिव

(३) छनौट समितिले आफ्नो मापदण्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२०. कर्मचारी सरुवा** :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न सकिनेछ । विशेष परिस्थिति बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्य गरे पछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्था बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भननाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पति पत्नी संगै रही सेवा गर्न पाउने  अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

**२१. कार्यसम्पादन मुल्याङ्कन सम्बन्धी** : स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन गरिनेछ ।

(१) स्वास्थ्य संस्थाका सबै स्थायी कर्मचारीहरुको का.स.मु. गर्ने पहिलो सुपरिवेक्षक स्वास्थ्य शाखा प्रमुख हुनेछ ।

(२) करार सम्झौता अनुसार कार्यरत कर्मचारीको हकमा का.स.मु. स्वास्थ्य शाखाले गर्नुपर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**२२. कार्यसम्पादन मुल्याङ्कनको सजाय तथा पुरस्कार** :

(१) कार्य सम्पादन भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मुल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्न सक्नेछ ।

(२) कार्यसम्पादन मुल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ५
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२३. वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाले तयार गर्नु पर्नेछ ।

**२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

**२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका आधारभूत स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा गर्नुपर्नेछ । खरिदको परिमाण निर्धारण सम्बन्धी स्वास्थ्य संस्थाले माँग गरे वमोजिम २०% मा नबढाईकन गर्नु पर्नेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र वडा कार्यालय मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद :६
## स्वास्थ्य सेवाको न्यूमतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने** :

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन गर्न सक्नेछ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजीकरण गर्ने।

**२७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन** :

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

**२८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन** :

(१) स्वास्थ्य खानेपानी र खाद्य पदार्थको गुणस्तर एवम् वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउनेछ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सो सम्बन्धि सचेत गराउने र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ।

(३) सिफारिस बमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धि व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद ७
## महामारी रोगथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य स्वयसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको माहामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा माहामारीबाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**३१. सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन :**

(१) सुर्ति तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ ।

(२) खाद्य पर्दाथको विक्रि गर्ने पसलमा सुर्ति तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ति, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्न सकिनेछ ।

(४) खाद्य पर्दाथसंगै सुर्ति तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाहि गर्न सक्नेछ ।

**३२. सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :**

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेवकहरु परिचालन गरी सवै घरपरिवार सम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्थापन भएको हुनुपर्ने छ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुग्याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहोरमैला पुनप्रयोग गरि कम्पोस्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहान रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

**३३. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल सञ्चालनका लागी सिफारिस :**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजिस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन सस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्युनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ ।

**३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्याउनु पर्ने :**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न सङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ ।

३५ आमा समुह, धाम झाकी र आम्ची सेवाको अभिलेख अद्यावधिक गरि तिनिहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागी अन्य सरकारी निकाय, निजी व्यवसायी, समाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसंग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउने निर्देशन दिनेछ । तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**३८. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजाय आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्न सक्नेछ ।

**३९. निर्देशिका बनाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनका लागि नगरकार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४०. बाधा अडकाउ फुकाउने अधिकार** : यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगरपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ ।

**४१. खारेजी, बचाउ र लागू नहुने :**

(१) यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) नेपालको संविधान, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र विद्यमान ऐन, कानुन संग बाझिएको यस कार्यविधिका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

➢ शैल्यशिखर नपा भित्रका बासिन्दाहरुलाई प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा दिन तपसिल अनुसारका स्वास्थ्य कार्यक्रमहरु यस कार्यविधिमा समेटिने छन् :

(क) बालस्वास्थ्य कार्यक्रम (खोप सेवा, पोषण सेवा)

(ख) प्रजनन स्वास्थ्य कार्यक्रम (पूर्व प्रसूति सेवा, प्रसूति सेवा, उत्तर प्रसूति सेवा, परिवार नियोजन सेवा)

(ग) HIV AIDS कार्यक्रम

(घ) वातावरणीय स्वास्थ्य कार्यक्रम

(ङ) क्षयरोग तथा कुष्ठरोग कार्यक्रम

(च) सरुवारोग तथा महामारी नियन्त्रण कार्यक्रम

(छ) विद्यालय स्वास्थ्य कार्यक्रम

(ज) स्वास्थ्य सूचना तथा सञ्चार कार्यक्रम

(झ) जन स्वास्थ्यसँग सरोकार राख्ने अन्य कार्यक्रम

➢ नगर भित्र तपसिल अनुसारका स्वास्थ्य संस्थाहरु रहने छन् :

(क) सामुदायिक स्वास्थ्य इकाई केन्द

(ख) सुरक्षित प्रसूति सेवा केन्द्र

(ग) प्राथमिक स्वास्थ्य केन्द्र (५ सैय्या सम्म)

(घ) अस्पताल (१५ सैय्या सम्म/माथि)

(ङ) आयुर्वेद केन्द्र/उपकेन्द्र

(च) गाउँघर क्लिनिक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट समेत स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।